
नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ | अंक १३ | २०८१ साल साउन १५ गते मंगलबार (30 July 2024 Tuesday) | मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

बाढीबाट बच्ने उपायहरु



*यस अंक भित्र :* २ पृष्ठमा : बृहत्तर जनकपुरमा चुलिँदै विवाद, ३ पृष्ठमा : काठमाडौं-तराई/मधेस दूर्तमाग३ पृष्ठमा : बंगलादेशमा विद्यार्थीको अन्तिम.

**समाचारको प्रभाव**

# छिन्नमस्तामा बन्ने भो योगालय र जिम सेन्टर

# कुनै निर्णय नै नगरि ऐन, कानुन विपरीत ३४ थान मोबाइल खरीद




**नवीनकुमार गुप्ता**
**राजविराज, १४ साउन ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिकामा गत आ.ब. २०७९/८० मा गाउँपालिका स्तरिय कार्यक्रमबाट योगालयका लागि ८ लाख तथा वडा नं. १ को कार्यक्रमबाट जीम सेन्टरका लागि ५ लाख रकम खर्च कहाँ भएको समाचार प्रकाशित भएपछि ती दुबै भौतिक निर्माणका कार्य अगाडी बढेको छ ।

२०८१ साउन १ गते यस दैनिकमा **"छिन्नमस्ता गाउँपालिकाको झण्डै १५ करोड असुल गर्न बाँकी"** भन्ने शिर्षकको समाचार प्रकाशित भएपछि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत उज्जवल आनन्दको आदेशमा ती भौतिक निर्माणका कार्यहरु अगाडी बढाइएको हो ।

प्रतिवेदनमा जिम सेन्टर स्थापना गाउँपालिकामा कहाँ भएको नदेखिएको तथा जिम सेन्टरको लागि पालिका केन्द्र भित्रको सार्वजनिक भवन वा नवनिर्मित भवन कुन ठाउँमा राख्ने भन्ने निर्णय समेत नगरि जिम सामाग्रि वापतको खर्च उपयुक्त नदेखिएको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा उल्लेख छ ।

यसबारे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत आनन्दले राजविराज दैनिकमा समाचार प्रकाशित भएपछि वडा नं. १ मा जिम सेन्टर तथा वडा नं. ३ मा योगालय निर्माणका लागि निर्देशन दिइसकेको जानकारी दिए ।

यता गाउँपालिकाले आफ्ना जनप्रतिनिधि र कर्मचारीलाई कुनै निर्णय नै नगरि ऐन, कानुन विपरीत ३४ थान मोबाइल खरीद गरेको पाइएको छ ।

मधेश प्रदेशसभाले बनाएको ऐन, सुविधा सम्बन्धी कानुनमा समेत मोबाइल उपलब्ध गराउने व्यवस्था नरहेको तथा गाउँ कार्यपालिका समेतले निर्णय गर्नु पर्नेमा त्यस्तो कुनै निर्णय नभएको आ.ब. २०७९/८० को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा उल्लेख छ ।

आ.ब. २०७९/८० मा पालिकाले ९ थान नयाँ मोबाइल खरीद गरेको प्रतिवेदनले देखाएको छ । जसमा गाउँपालिका अध्यक्ष, उपाध्यक्षदेखी लेखापालगरि ९ जनाको नाममा नयाँ मोबाइल खरीद गरिएको छ । यसअघि २०७९/८० भन्दा अगाडी पनि पालिकाले २५ थान मोबाइल खरीद गरेको थियो ।

गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीको नाममा ६४ हजार १ सय ५९ मुल्य पर्ने वन प्लस नोर्ड २ मोबाइल, उपाध्यक्ष राजुदेवी यादवको नाममा ७६ हजार मुल्य पर्ने सामसुङ ग्यालेक्सि ए ७९ मोबाइल, लेखा प्रमुख संजय कुमार मेहताको नाममा ७९ हजार ७ सय मुल्य पर्ने सामसुङ ग्यालेक्सी मोबाइल, जिन्सी शाखा प्रमुख अरुण कुमार यादवको नाममा ६३ हजार मुल्य पर्ने वन प्लस नोर्ड २ मोबाइल, सूचना प्रविधि अधिकृत दिपक मेहताको नाममा ६४ हजार १ सय ५९ मुल्य पर्ने वन प्लस नोर्ड २ मोबाइल, प्रशासन प्रमुख दिपेन्द्र प्रसाद यादवको नाममा ४३ हजार ७ सय पर्ने रेडमी ११ मोबाइल, वडा नं. ४ का अध्यक्ष सूर्यनारायण यादवको नाममा ४५ हजार ५ सय ७५ मुल्य पर्ने वन प्लस नोर्ड २ मोबाइल, पोषण स्वसेवक पिंकी रायको नाममा ४८ हजार मुल्य पर्ने सामसुङ ग्यालेक्सी ट्याव मोबाइल, सिअहेब राजकिशोर गुप्ताको नाममा ४० हजार ७ सय ८ मुल्य पर्ने वन प्लस नोर्ड २ मोबाइल खरीद गरिएको छ । ९ वटा मोबाइलको मुल्य ५ लाख २५ हजार १ रुँपैया पर्न जान्छ ।

प्रतिवेदनमा २०७९/८० भन्दा अगाडी पालिकाले खरीद गरेको २५ थान मोबाइलहरु कसले बुझेको यथार्थ विवरण पालिकासँग नरहेकोले पालिकाले यसको उचित छानबिन गरि बरबुझारत गराउन तथा उक्त मोबाइलको परममुल्य सम्बन्धितसँग असुल गर्न प्रतिवेदनले भनेको छ ।

यसबारे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत आनन्दले २०७९/८० भन्दा अगाडी पालिकाले खरीद गरेको २५ थान मोबाइल बुझेका केही व्यक्तिको पहिचान भइसकेर मौज्दात राख्ने प्रक्रिया समेत पुरा भइसकेको जानकारी दिएका छन् । उनले केही थान मोबाइलको रकम असुल उपर गर्ने जस्ता कार्य पनि भइरहेको जनाए । यस्तै उनले २०७९/८० मा अध्यक्षसहित ९ जनाले कुनै निर्णय नै गरि मोबाइल खरीद गरि प्रयोग गरिरहेको बारे समिति नै गठन गरि प्रक्रिया अगाडी बढाउने जानकारी समेत दिए । उनले भने, "अन्तिम लेखापरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार नै काम कारवाही अघि बढ्ने छ ।"

यस्तै गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० मा १४ करोड ९९ लाख ३ सय ६० रुँपैया असुल गर्नुपर्ने अन्तिम लेखापरीक्षण प्रतिवेदनले देखाएको छ । जसअनुसार अनियमित भएको रकम २२ करोड १५ लाख १६ रुँपैया, प्रमाणका कागजात पेश नभएको रकम ३३ करोड ५७ लाख ३ हजार ५ सय २८ रुँपैया तथा पेश्की रकम ७ लाख ५५ हजार ५ सय १५ रुँपैया असुल उपर गर्नु पर्ने उल्लेख गरिएको छ । बेरुजु रकम ७१ करोड ४६ लाख ९ हजार ४ सय १९ रुँपैया रहेको प्रतिवेदनमा उल्लेख छ ।


## लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।
- लामखुट्टेको टोकाईबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं ।
- घरवरिपरी पानी जम्न नदिऔं ।
- घर तथा गोठ वरिपरी सफा सुग्घर राखौं ।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं ।

लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिबी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी

## सम्पादकीय

### किसानहरुको समस्याप्रति तीनै तहका सरकार उदासिन

किसानहरुलाई खेतीको समयमा सिंचाईको व्यवस्था, रसायनिक मल उपलब्ध तथा बाली काटिसकेपछि त्यसको बजारीकरणसम्मको व्यवस्था अझै हुनसकेको छैन् । भनाईको अर्थ ती समस्याहरु अझै समाधान हुन सकेको छैन् । खेती गर्ने समयमा सिंचाईको व्यवस्था हुन नसक्दा लक्ष्य अनुसारको रोपाई हुँदैन् । अनि उत्पादनमा ह्रास आउँछ । अझ पनि किसानहरु आकाशे पानीकै भरमा खेती गर्न बाध्य छन् । रोपाई सकिएपछि केही दिनपछि पुनः पानीको आवश्यक पर्दा आकाशे पानीकै भर पर्नुपर्ने हुन्छ । आधुनिक कृषिको अवधारणा आएपनि नेपालमा अहिले पनि परम्परागत खेतीमै भर पर्नुपर्ने बाध्यता रहेको छ ।

खेतीका लागि सबैभन्दा बढी पानीको आवश्यकता हुन्छ । त्यसका लागि सिंचाईको व्यवस्था हुनुपर्छ । तर, तीनै तहका सरकार त्यसतर्फ थोरै पनि गम्भिर देखिएको छैन् । अहिले धानबाली सुकिरहेको छ । पानी नपर्दा र सिंचाईको उचित व्यवस्था हुननसक्दा किसान चिन्तित छन् । किसानहरुले समयमा रसायनिक मल नपाउँदा झनै चिन्तित देखिन्छन् । खेतिको समयमा यस्ता समस्याहरु आइपर्दा समेत राज्य तथा सम्बन्धित निकाय मौन रहेका छन् । किसानहरुको मेहनतको कुनै महत्व नै नरहेको अवस्थाले गर्दा यहाँका किसानहरुले एक बोरा धान बेचेर एक बोरा रसायनिक मल पनि खरिद गर्न नसक्ने अवस्थामा रहेका छन् । त्यस्तै महिनतका साथ खेतमा लगाएको धानबाली पाकिसकेपछि त्यसको उचित मुल्य समेत पाउन सक्दैनन् ।

तसर्थ नेपाल कृषि प्रधान देश भनिएपनि यहाँका किसानहरुले समयमा मलखाद, बिउ बिजन लगायतका सामग्रीहरु उपलब्ध नभएपछि किसानहरु अझै पीडित बन्दै गईरहेकाले किसानहरुको समस्याप्रति समयमै राज्य तथा सम्बन्धित निकायको ध्यान जानुपर्ने जरुरी देखिन्छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# बृहत्तर जनकपुरमा चुलिँदै विवाद, खुम्चिँदै प्रतिष्ठा

**टिकाराम सुनार**
काठमाडौं, १४ साउन (रासस) ।

आर्यचिन्तन परम्पराको केन्द्र जनकपुरधाम आदिकालदेखि नै आफैँमा बृहत् छ । पछिल्लो समय 'बृहत्' भनेर महिमागान हुने जनकपुरका ती आधारहरू निरन्तर कमजोर हुँदै गइरहेका छन् । धार्मिक अनुष्ठानका लागि दानीहरूले दिएका भूमि अतिक्रमणमा परेका छन् । विद्वान्/विदुषीहरूले बसालेको चिन्तन परम्परा र तिनको संरक्षणका लागि बनाइएका धार्मिक तथा गैरधार्मिक प्रतिष्ठानहरू विवाद तथा बेथितिको चाङमाथि उभिएका छन् । त्यसको एउटा उदाहरण हो–बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ।

जनकपुरधाम उपमहानगरपालिका–७ स्थित बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्, कार्यालयको प्रवेशद्वारमा लामो समयसम्म लेखियो– अध्यक्षलाई प्रवेश निषेध । यसरी निषेध गर्ने कर्मचारीको आरोप छ– अध्यक्षले ऐनमा हुँदै नभएको अधिकार प्रयोग गरी अनियमित लाभ खोजे, बृहत्तरको गरिमा राख्न सकेनन् र कर्मचारीलाई दुःख दिएर बृहत्तरको उद्देश्य पूर्तिमा अड्चन खडा गरे ।

परिषद्का अध्यक्ष शीतल साह भने त्यसलाई स्वीकार्न तयार हुनुहुन्न । उहाँको दाबी छ, "कर्मचारीहरूले वर्षौंदेखि चलाइरहेको गैरकानुनी रजगज तोड्न खोज्दा आफूलाई नै निषेध गरियो । कर्मचारीले लगाएका आरोप आधारहीन छन् ।"

अध्यक्ष र कर्मचारीबीच हुने यस्तो विवाद तथा आरोप–प्रत्यारोप पहिलोपटक भने होइन । संस्था स्थापना भएदेखि नै विभिन्न नाममा हुने विवादको उत्कर्ष मात्रै हो । विवाद, निषेध र आरोप–प्रत्यारोपको शृङ्खलाका बीच यस संस्थाको अस्तित्व नै सङ्कटमा छ । एकले अर्काविरुद्ध सार्वजनिकरूपमै वक्तव्यबाजी मात्रै होइन अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मुद्दामाथि मुद्दा हाल्ने काम जारी छ ।

परिषद् ऐन २०५५ को दफा ६ अनुसार संस्थाको सर्वोच्च निकायका रूपमा सञ्चालक परिषद् र अध्यक्ष छन् । परिषद्लाई सहयोग गर्न सचिवालय र कर्मचारी छन् । तर यी दुवै तहबीच हाल सामान्य सहकार्यको अवस्था पनि छैन । यसकारण संस्थाको औचित्य पुष्टि गर्ने गरी काम हुन नसक्दा संस्था नै दिनप्रतिदिन सङ्कटमा फस्दै गएको छ । त्यो सङ्कट टार्न न सरकारका तर्फबाट ठोस पहल भएको छ न त अरू सरोकार भएकाहरूबाट ।

**प्रतिष्ठित नेतृत्व तर प्रतिष्ठा नै धरापमा**

विसं २०४९ मा परिषद् स्थापना भएदेखि हालसम्म १० जना अध्यक्ष र १७ जना कार्यकारी निर्देशक नियुक्त भए । जनकपुर बृहत्तर विकास समिति हुँदा पहिलो अध्यक्ष हुनुहुन्थ्यो लिला कोइराला (विसं २०४९/१०/१७– ०५१/१०/१८) । त्यसपछि दिनेशचन्द्र यादव (२०५२ माघ ११ सम्म), महेन्द्रनारायण निधि दुई कार्यकाल (२०५६ वैशाख २० सम्म), नरेन्द्रकुमार मिश्र (२०६० असोज १२ सम्म), भोजराज घिमिरे (२०६३ साउन ८ सम्म), रामचन्द्र झा (२०६४ फागुन १२ सम्म) । त्यसपछि रामचन्द्र मण्डल, दिगम्बर राय, रामकुमार शर्मा, शालिग्राम सिंह र हाल शीतल साह परिषद्को अध्यक्ष हुनुहुन्छ ।

प्रथम अध्यक्ष लिला कोइरालादेखि शीतल साहसम्म सबैजना आफ्नो क्षेत्रमा ख्यातिप्राप्त व्यक्तित्व हुनुहुन्छ । निधि त नेपाली कांग्रेसमा पार्टी संस्थापक नेताहरूको समकक्षी, राष्ट्र गौरवको सम्मान प्राप्त व्यक्ति पनि हुनुहुन्छ । नेपाली राजनीतिमा निधि परिवार अहिले पनि उत्तिकै प्रभावशाली छ । यस परिवारबाट पुत्र बिमलेन्द्र निधि अहिले पनि शक्तिमै हुनुहुन्छ । त्यसैगरी, रामचन्द्र झा मन्त्री हुनुभयो । तत्कालीन एमालेमा, पछि माओवादी केन्द्रमा र हाल एकीकृत समाजवादी अर्थात् जहाँ हुँदा पनि उहाँ सधैँ प्रभावशाली नेताकै रूपमा रहनुभयो ।

पूर्वअध्यक्षमध्येका रामचन्द्र मण्डल अहिले मधेस प्रदेशसभाको सभामुख हुनुहुन्छ । मण्डल हिजोदेखि आजसम्म शक्तिमै हुनुहुन्छ । अहिलेका अध्यक्ष साह पनि नेपाल पत्रकार महासङ्घको पूर्वकेन्द्रीय कोषाध्यक्ष भइसक्नुभएको व्यक्ति हो ।

यस्ता प्रतिष्ठित व्यक्तित्वले नेतृत्व गरेको संस्था भने विगतदेखि नै चुनौती र बेथितिको चाङमा छ । त्यसबाट बाहिर निकाल्नका लागि भने कसैले पनि ठोस कदम नचालेको आरोप छ । "यदि उहाँहरूले चाहेको भए तत्कालीन समिति परिषद्मा रूपान्तरण हुँदै सुरु भएको विवाद समाधानको सट्टा झनै गहिरिँदै विघटन हुने अवस्थामा किन पुग्थ्यो त ?", आरोप लगाउनेहरूले प्रश्न गर्छन् ।

परिषद्मा रहेका विविध समस्यामध्ये अध्यक्ष र कार्यकारी अधिकृतको क्षेत्राधिकार सबैभन्दा ठूलो विवादको कारक हो भनेर स्थानीय सबैले स्वीकारेका छन् । यही प्रश्नमा पूर्वअध्यक्ष झा भन्नुहुन्छ, "प्रयास नगरेको होइन, म आफैँ अध्यक्ष हुँदा पनि ऐन संशोधनका लागि बोर्डबाट निर्णय गरेर मन्त्रालयमा पठाइएको थियो तर तत्कालीन अवस्थामा अगाडि बढ्न सकेन ।"

पूर्वअध्यक्ष शर्मा ऐतिहासिक र पौराणिक गौरवगाथा भएको जनकपुरलाई राज्यले महत्व नदिएकै कारण यहाँको विकास र विकासका लागि गठित संस्थाहरू उपेक्षामा परेको बताउनुहुन्छ । "जनकपुर भारतको अयोध्या जस्तै उच्च महत्वको क्षेत्र हो तर राज्यले नेपालकै अरू क्षेत्रमा रहेका धार्मिक क्षेत्रजति पनि महत्व दिएन । बृहत्तर जनकपुर बनाउने सपनासहित स्थापित संस्थालाई सोअनुसार बलियो बनाउन आवश्यक ऐन, कानुन तर्जुमा, समयसापेक्ष परिमार्जन, क्षेत्राधिकारमा प्रस्टता, बजेट तथा योजनामा सधैँ उपेक्षा गरेकै कारण अहिले यो संस्था विघटनको सङ्घारमा पुगेको हो", उहाँले भन्नुभयो ।

परिषद्को अध्यक्ष सुरुमा मन्त्रिपरिषद्को निर्णयअनुसार गर्ने गरिएकामा पछि मन्त्रिस्तरीय निर्णयबाट गर्न थालियो । यस्तै परिषद्को कार्यकारी निर्देशक स्थापनाकालदेखि विसं २०६२ सम्म अध्यक्षको तजबिजमा हुने गर्दथ्यो । यही विधिबाट सातजना नियुक्त भए तर विसं २०६१ पछि खुला प्रतिस्पर्धाबाट कार्यकारी नियुक्तिको अभ्यास सुरु भयो । अम्बिकाप्रसाद अधिकारी पहिलोपटक विसं २०६१ वैशाख २८ मा खुला प्रतिस्पर्धाबाट कार्यकारी अधिकृतमा नियुक्त हुनुभयो । त्यसयता त्यही मान्यताका आधारमा नियुक्ति भइरहेको छ । बेलाबेला विवाद उत्पन्न हुँदा र प्रतिस्पर्धाबाट नआउने अवस्थामा दैनिक कामकारवाही सञ्चालनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निमित्त तोक्ने प्रचलन छ । विगत दुई वर्षयता खुला प्रतियोगिताबाट नआएपछि मन्त्रालयले नै यही प्रचलनअनुसार गरिरहेको छ ।

**विवादको अविराम शृङ्खला**

विसं २०४९ मा बृहत्तर जनकपुर क्षेत्र विकास समितिको जन्म संसद्बाट भयो । विसं २०५५ मा बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन जारी भएपछि समितिलाई परिषद्मा रूपान्तरण गरिएको थियो । ऐनको प्रस्तावनामा भनिएको छ, "जनकपुर र यसको माध्यमिकी (पञ्चकाशी) परिक्रमा क्षेत्रभित्रको धार्मिक, ऐतिहासिक र पुरातात्विक महोत्वका मठ, मन्दिर, सरोवर र स्थलहरूको सुरक्षा, सम्भार र विकास गर्ने तथा बृहत्तर जनकपुर क्षेत्रको सामाजिक, आर्थिक र सांस्कृतिक पूर्वाधारहरू विकसित गर्दै सुव्यवस्थित तीर्थस्थल एवं धार्मिक क्षेत्रका रूपमा योजनाबद्ध ढङ्गले विकास गर्न बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को स्थापना र व्यवस्थित गर्न वाञ्छनीय भएकाले संसद्ले यो ऐन बनाएको छ ।" त्यसैगरी, ऐनको दफा ५ का उद्देश्यलाई हेर्दा पनि यसलाई एक प्रतिष्ठित संस्थाका रूपमा विकास गर्न खोजेको देखिन्छ तर क्षेत्राधिकार र कर्मचारी व्यवस्थापनमा ध्यान नदिँदा विवादको भुमरीमा फसेको जानकारहरू बताउँछन् ।

संस्थामा विवादको मूल जडका रूपमा सरकारले नियुक्त गर्ने बोर्ड अध्यक्ष र बोर्डले नियुक्त गर्ने कार्यकारी निर्देशकको क्षेत्राधिकार रहेको धेरैको दाबी छ । ऐनको दफामा अध्यक्ष नियुक्ति गर्ने प्रावधान त छ तर काम, कर्तव्य र अधिकारको प्रावधान नै छैन । बोर्डले चार वर्षका लागि नियुक्त गर्ने कार्यकारी निर्देशकको अधिकार भने प्रस्ट छ ।

ऐनको दफा ६ मा सञ्चालक परिषद्को व्यवस्था छ । सर्वोच्च निकायका रूपमा रहेको परिषद् अध्यक्ष नेपाल सरकारले चार वर्षका लागि नियुक्त गर्ने प्रावधान छ तर अध्यक्षको काम, कर्तव्य र अधिकारबारे छुट्टै व्यवस्था छैन । दफा ८ मा सञ्चालक परिषद्को काम, कर्तव्य र अधिकार भनिए पनि अध्यक्षबारे केही बोलिएको छैन र अध्यक्षको सेवासुविधाका विषयमा पनि केही भनिएको छैन । दफा १७ मा भने परिषद्को दैनिक प्रशासकीय कार्यका लागि खुला प्रतिस्पर्धाबाट चार वर्षका लागि कार्यकारी निर्देशक नियुक्तिको व्यवस्था छ ।

यही कारण अध्यक्ष र कार्यकारी अधिकृतको स्वार्थ मिलेसम्म सहजरूपमा काम हुने तर स्वार्थ नमिलेको दिनदेखि समस्या उत्पन्न हुने गरेको विगतदेखिकै घटनाक्रमबाट प्रस्ट हुन्छ ।

परिषद्मा क्षेत्राधिकारको विवाद भुसको आगो झैँ सल्किरहेको थियो । त्यसको प्रकट २०६३ सालतिर भयो, जतिबेला पूर्वमन्त्री रामचन्द्र झा अध्यक्ष हुनुहुन्थ्यो । विसं २०६३ साउन २९ गते अध्यक्ष नियुक्त हुनुभएका झाको पालामा कार्यकारी निर्देशकमा नेबल चौधरीलाई नियुक्त गरियो तर केही महिनामै आफैँले नियुक्त गरेको कार्यकारी निर्देशकसँग अध्यक्ष झाको मनमुटाव सुरु भयो । त्यो मनमुटाव कुटाकुटको अवस्थासम्म पुगेको जानकारहरू बताउँछन् ।

अध्यक्ष झा भन्नुहुन्छ, "मेरो पालामा मध्यमिकी परिक्रमा क्षेत्रभित्र पर्ने कुटी र १५ दिने परिक्रमाका समयमा अत्यावश्यक कामहरू गर्नमा सीमित संस्थालाई चलायमान बनाउने काम भयो । यहाँ रहेका दलित, आदिवासी, जनजातिका जातीय कुटीहरूको अवस्था सुधार्न पाँच लाखसम्म रकम दिएर मर्मत गर्न लगाइयो । यसपछि कमिसनको कुरा सुरु भयो । कमिसन आउने ठाउँ हेरेर सहुलियत दिन थालियो । यसैगरी, भारतीय दूतावाससँग मिलेर रु तीन करोडको परियोजना लागू भयो । १७ वटा भित्री साना सडक स्तरोन्नतिको काम हुन थाल्यो । कामसँगै विवाद सुरु हुनाका कारण कमिसन नै थियो ।"

विवादको जड ऐनको व्यवस्थालाई आफू अनुकूल व्याख्या गर्ने कर्मचारीहरूको भएको उहाँको भनाइ छ । "१० लाखभन्दा तलको रकमबाट हुने ठेक्का कार्यकारी अधिकृत र त्योभन्दामाथि अध्यक्षले सदर गर्छ तर कार्यकारी अधिकृतले इन्जिनियरसँग मिलेर आफ्नो अधिकारभित्रको रकमअनुसार योजना टुक्राटुक्रा गरेर दिन थाले । आफ्नो निकटबाहेकका ठेकेदारलाई ठेक्काका लागि आवेदन नै दर्ता हुन नदिने गरेको गुनासो आयो । म काठमाडौँमा भएकाले त्यो कुरा प्रमुख जिल्ला अधिकारीलाई तत्काल जानकारी गराएँ । प्रहरी परिचालन गरेर नियम पुगेका सबैलाई आवेदन दिन पाउने अवस्था बनाइयो," अध्यक्ष झाले स्मरण गर्नुभयो, "पछि जनकपुर फर्केपछि तत्कालीन कर्मचारीलाई आफ्नो कार्यकक्षमा बोलाएर स्पष्टीकरण सोधेँ । सानो रकममा पनि कमिसन लिने गरेको, ठेक्कामा आफ्नो सेटिङका मान्छेलाई मात्रै आवेदन दिने व्यवस्था मिलाएको, मलाई नै जानकारी नदिएर एक डेढ वर्षको तलब पेश्की एकैपटक लिएर जग्गा किनेको, कोषमा तलब खाने रकमसमेत नभएको विषयहरू थिए । अधिकारको दुरुपयोग किन गरेको ? मलाई नसोधेरै किन यस्तो भएको ? भनेर लिखित स्पष्टिकरण सोधेपछि मुद्दा मामिला, मनमुटावजस्ता कुरा भए ।"

परिषद्का पूर्वअध्यक्ष शर्मा क्षेत्राधिकारलाई लिएर अध्यक्ष र कर्मचारीबीच उत्पन्न हुने विवादले परिषद् सुरुदेखि नै विवादमा फस्दै आएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "परिषद्को जन्म संसद्बाट भयो तर क्षेत्राधिकारको विषयमा ध्यान पुऱ्याउन सकिएन । त्यसपछिका कुनै पनि संसद्ले विवाद समाधानका लागि ऐन संशोधनको आवश्यकता नै देखेनन् । त्यसैकारण मन्त्रिपरिषद्ले नियुक्त गरेको अध्यक्षभन्दा अध्यक्षको रोहबरमा नियुक्त कार्यकारी निर्देशक शक्तिशाली भएर आए । यसरी सुरु भएको विवाद अहिलेसम्म कायमै छ ।"

मधेस प्रदेशका सभामुख तथा परिषद्का पूर्वअध्यक्ष मण्डल पनि अध्यक्षलाई फड्के किनाराको साक्षीका रूपमा राख्ने कानुनी व्यवस्थाले विवाद हुने गरेको बताउनुहुन्छ । कार्यक्षेत्र र अधिकारको अस्पष्टताका कारण ऐतिहासिक महत्व बोकेको संस्था सङ्कटमा रहेको उहाँको धारणा छ । "ढकुटी कर्मचारीको हातमा छ । त्यसको सदुपयोग र दुरुपयोग हुँदा उत्पन्न हुने परिस्थितिको जस–अपजस भने अध्यक्षले बोक्नुपर्ने हुन्छ । त्यसैले एकपक्षीय कानुन नै समस्याको मूल कारण हो", पूर्वअध्यक्ष मण्डलले

बाँकी तीन पृष्ठमा

# काठमाडौं-तराई/मधेस द्रूतमार्ग : जग्गा अधिग्रहणको प्रतीक्षामा नेपाली सेना

काठमाडौँ, १४ साउन (रासस) ।

राष्ट्रिय गौरव एवं रणनीतिक महत्वको काठमाडौं-तराई/मधेस द्रूतमार्ग (फास्ट ट्र्याक) सडक आयोजना निर्धारित समयमै सम्पन्न गर्नेगरी निर्माणलाई तीव्र गतिमा गतिमा अघि बढाइएको छ । नेपाली सेनाको व्यवस्थापनमा निर्माणाधीन सो आयोजनाको हालसम्म ३५ दशमलव ३८ प्रतिशत भौतिक र ३६ दशमलव ६६ प्रतिशत वित्तीय प्रगति भएको छ ।

निर्धारित समयमै निर्माण सम्पन्न गर्नेगरी काम भइरहेको सेनाले जनाएको छ । द्रूतमार्ग २०८३ चैत मसान्तसम्ममा सम्पन्न गर्ने लक्ष्य छ । आयोजनालाई १३ वटा प्योकजमा छुट्याएर निर्माण थालिएको थियो । ती प्याकेजमध्ये द्रूतमार्गको छ दशमलव पाँच किलोमिटरदेखि ७० दशमलव ९७ किलोमिटरसम्मका विभिन्न १० वटा प्याजेकमा धमाधम काम भइरहेको आयोजनाका प्रमुख सहायक रथी विकास पोखरेलले जानकारी दिनुभयो ।

प्याकेज नं ११ अन्तर्गत खोकना इलाकाको ० किमीदेखि छ दशमलव पाँच किमीमा द्रूतमार्गको सुरु बिन्दु निर्धारण, सवारी आवागमन व्यवस्थापनसम्बन्धी निर्णय र जग्गा अधिग्रहणसम्बन्धी समस्या समाधान पश्चात खरिद प्रक्रिया सुरु गर्ने गरी तयारी अवस्थामा रहेको नेपाली सेनाले जनाएको छ । आयोजनाको ९५ प्रतिशत प्याकेज कार्यान्वयनको चरणमा प्रवेश गरिसकेका छन् ।

**तीन सुरुङ निर्माणाधीन**

परिमार्जित विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अनुसार छ मध्ये तीन वटा सुरुङ निर्माण भइरहेका छन् भने अन्य तीन सुरुङको डिजाइन तथा पूर्वतयारीका कार्य जारी छ । निर्माणाधीन तीन वटा सुरुङमार्गको लम्बाइ छ दशमलव ६६९ किमिमध्ये पाँच दशमलव पाँच सय २८ किलोमिटर सुरुङ खन्ने कार्य सम्पन्न भएका छन् ।

तीन दशमलव ३२२ किमीको निजगढ-काठमाडौँतर्फको महादेवटार सुरुङ हालसम्म दुई दशमलव ०२९ किमी तथा तीन दशमलव ३८६ किमीको काठमाडौँ-निजगढतर्फ दुई दशमलव २८८ किमी सुरुङ खनिसकिएको छ । सो सुरुङ यसैवर्ष सम्पन्न गर्नेगरी राति पनि काम भइरहेको सेनाले जनाएको छ ।

निजगढ-कामाठाडौँतर्फको एक दशमलव ६५३ किमी धेद्रे सुरुङ गत जेठ ११ गते 'ब्रेकथ्रु' भइसकेको छ भने एक दशमलव ७२८ किमीको काठमाडौँ-निजगढ सुरुङ यही महिनामा 'ब्रेकथ्रु' गर्ने तयारी छ । लेनडाँडामा रहेको निजगढ-काठमाडौँतर्फको एक दशमलव ६१२ किमी र काठमाडौँ-निजगढतर्फको एक दशमलव ६३३ किमी सुरुङ यसअघि नै खनिसकिएको छ ।

आयोजनाअन्तर्गत विभिन्न स्थानमा निर्माण हुने ८९ मध्ये ८५ वटा पुल ठेक्का व्यवस्थापन भई कार्यान्वयनको चरणमा रहेका छन् । बाँकी चार वटा पुल खोकना क्षेत्रमा रहेका छन् । सो क्षेत्रमा जग्गा अधिग्रहणसम्बन्धी समस्याका कारण निर्माणमा जान नसकेको सेनाको भनाइ छ ।

निर्माणाधीन अधिकांश पुलको जमिनमुनी (फाउण्डेसन) को काम सम्पन्न भई जमिनमाथिका काम भइरहेको छ । द्रूतमार्गमा ८१ मिटर अग्ला पुल निर्माण हुनेछन् । हालसम्म पाँच स्थानका पुल निर्माण भइसकेका छन् ।

**जग्गा अधिग्रहणमा ढिलाइ**

आयोजनाका लागि आवश्यक जग्गा अधिग्रहणको काममा ढिलाइ हुँदा निर्माण प्रभावित भएको छ । आयोजनाका लागि करिब १७ हजार छ सय ५१ रोपनी जग्गा आवश्यक पर्नेछ । त्यसमध्ये पाँच हजार चार सय ८७ रोपनी व्यक्तिको जग्गा हो ।

हालसम्म चार हजार आठ सय ११ रोपनी जग्गा अधिग्रहण भइसकेको छ भने तीन सय ९४ रोपनी जग्गा अधिग्रहण हुन बाँकी छ । खोकना-बुङ्मती खण्डमा दुई सय छ रोपनी जग्गाको मुआब्जा वितरण भएको छैन ।

आयोजना निर्माणबाट वातावरणीय क्षति हुन नदिन पर्याप्त सजगता अपनाइएको सेनाले जनाएको छ । आयोजना क्षेत्रमा हालसम्म ३१ हजार सात सय ४३ रुख काटिएका छन् । ती रुखको सट्टामा सात लाख पाँच हजार पाँच सय ५२ बिरुवा रोपिएका छन् ।

**सुरुङ र पुल मात्र २३ किलोमिटर**

प्रस्थान बिन्दु ललितपुरको खोकना र अन्तिम बिन्दु बाराको निजगढ रहेको सो सडकको लम्बाइ ७० दशमवल ९७७ किलोमिटर छ । द्रूत मार्ग पहाडी भूभागमा २५ मिटर र तराई भूभागमा २७ मिटर फराकिलो हुनेछ ।

द्रूतमार्गमा १० दशमवल ३०९ किमी लम्बाइको छ वटा सुरुङ बन्ने छन् । आयोजनाअन्तर्गत देवीचौरमा एक किमी, सिसौटारमा शून्य दशमलव ३९ किमी, चन्द्राम भीरमा दुई दशमलव २५ किमी, महादेवडाँडामा तीन दशमलव ३५५ किमी, धेद्रेमा एक दशमलव ६९१ र लेनडाँडामा एक दशमलव ६२३ किमी लामो सुरुङ निर्माण हुनेछ ।

सो सडकमा विभिन्न स्थानमा १२ दशमलव ८८५ किमी लम्बाइको ८९ वटा पुल निर्माण हुनेछ । बुदुनेमा दुई वटा विश्रामस्थल तथा खोकना, बुदुने र निजगढमा एक/एक वटा इन्टरचेन्ज र टोल प्लाजा निर्माण गरिनेछ ।

मन्त्रिपरिषद्को २०७४ वैशाख २१ गतेको निर्णयानुसार सो आयोजना निर्माण व्यवस्थापनको जिम्मेवारी नेपाली सेनालाई दिइएको हो । सो आयोजनाको २०७४ जेठ १४ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले बाराको निजगढमा शिलान्यास गर्नुभएको थियो ।

सरकारले २०७४ साउन २७ गते सडक विभागबाट सेनालाई आयोजना हस्तान्तरण गरेको थियो । सोही वर्षको मङ्सिरदेखि सेनाको जनशक्ति तथा राष्ट्रियस्तरका निर्माण व्यवसायीमार्फत द्रूतमार्गको 'ट्र्याक' निर्माण प्रारम्भ भएको थियो । विसं २०७५ चैतमा अन्तर्राष्ट्रिय परामर्शदाता सोसुङ इन्जिनियरिङ एण्ड कन्सल्टिङले तयार गरेको आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) २०७६ मा स्वीकृत भएको थियो । विसं २०८० साउन ३० गते आयोजनाको परिमार्जित डिपिआर स्वीकृत भएको थियो ।

---

*बृहत्तर जनकपुरमा ...*

भन्नुभयो ।

नेपाली कांग्रेसका नेता विमलेन्द्र निधि पनि सरकारले स्थापनाकालको उद्देश्यअनुरूप परिषद्लाई प्राथमिकतामा राखेर काम नगर्दा विगतदेखि नै समस्या भएको बताउनुहुन्छ । उहाँ जनकपुरजस्तो ऐतिहासिक, धार्मिक क्षेत्रको बृहत्तर विकासका निम्ति स्थापना गरिएको संस्थालाई सरकारले एउटा मन्त्रालयको शाखाजतिको महत्वसमेत नदिएको जिकिर गर्नुहुन्छ । "यो संस्था जनकपुरको बृहत्तर विकासका लागि ठूलो उद्देश्य लिएर स्थापना भएको थियो, सुरुमा त्योअनुसार यसको महत्व थियो तर पछि कायम राख्न सकिएन । यसमा हामी सबैका कमजोरी छन् । मूल रूपमा सरकारले नै प्राथमिकतामा राखेर काम गर्नुपर्ने हो तर त्यसो भएन", निधि भन्नुहुन्छ, "त्यसका लागि जनकपुरबाट प्रतिनिधित्व गर्ने हामी नेताहरूले पनि पर्याप्त ध्यान दिन नसकेकै हो । अब विवाद निरूपणका लागि थप ढिलाइ गर्नुहुँदैन ।"

**मारमा कर्मचारी**

अशोककुमार कर्माचार्य परिषद्को सेवाबाट अनिवार्य अवकाशमा गएको दुई वर्ष हुन लाग्यो । विसं २०७९ भदौ ७ गते अवकाशमा जानुभएका उहाँले हालसम्म उपदानलगायत सुविधा पाउनु भएको छैन । करिब २९ वर्ष काम गरेको संस्थाबाट बिदा हुँदा योगदानको मूल्य र सम्मान पाउनुपर्नेमा अपमानित भएर घर जानुपरेको भन्दै उहाँ खिन्न हुनुहुन्छ ।

"जीवनको ऊर्जाशील समय परिषद्को सेवामा बिताएँ तर अवकाश हुँदा रित्तो हात घर पठाइयो । आफ्नो योगदानको मूल्य पाउन परिषद्देखि मन्त्रालयसम्म सयौँपटक धाइसकेँ तर समस्या समाधान भएको छैन", उहाँले दुखेसो पोख्नुभयो । कर्माचार्यले उपदान, औषधोपचार, घरबिदालगायत सेवाबापत करिब रु ४० लाख पाउनुपर्ने छ । यसका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उच्च अधिकारी, परिषद्का अध्यक्षलगायतसँग पटकपटक अनुनय गर्दा पनि समस्या समाधान नभएको उहाँले सुनाउनुभयो । "ऐन, कानुन देखाएर अध्यक्ष र कार्यकारी अधिकृतको लडाइँ हुन्छ । त्यसको मारमा कर्मचारीहरू परिरहेका छौँ । अवकाश पाएपछि त मुक्ति पाइएला कि भनेको झनै दुःख थपियो । अहिले त म सडकमा आइसकेँ, अब चाँडै निकास दिए हुन्थ्यो", कर्माचार्यले आग्रह गर्नुभयो ।

परिषद्मा २२ जना स्थायी र केही करारका कर्मचारी छन् । लामो समयदेखिको विवाद समाधान नहुँदा पछिल्लो समय अवकाशमा गएका कर्मचारीलाई सुविधा दिइएको छैन् भने सेवामा रहेकाहरूले समेत गत पुसदेखिको तलब पाएका छैनन् । तत्कालीन कार्यकारी अधिकृत बलराम ठाकुरको पदावधि सकिएपछि अर्को कार्यकारी नियुक्त हुनसकेको छैन । आर्थिक वर्ष २०७९/०८० देखि पुँजीगत रकम खर्च गर्न सकिएको छैन । परिषद्को बैठक बस्न पनि समस्या छ ।

वरिष्ठ प्रशासकीय अधिकृत चिरञ्जीवी ढुङ्गाना उच्च तहमा देखिएको क्षेत्राधिकारको विवाद र अन्य स्वार्थको मारमा कर्मचारी परिरहेको बताउनुहुन्छ । उहाँ पछिल्ला दुई वर्षदेखि संस्थाका कामकारबाही ठप्प रहेका र उच्च तहबाट समस्या समाधानका लागि ठोस पहल नभएको गुनासो गर्नुहुन्छ । "चालुबाहेक परिषद्को पुँजीगत खर्च भएको छैन । विनियोजन भएको तलबलगायत अत्यावश्यक रकम पनि विभिन्न बहानामा रोक्ने काम भएको छ । हामीलाई विगत छ/सात महिनादेखि तलब दिइएको छैन । यसरी अनिर्णयको बन्दी बनाएर कसैलाई फाइदा हुँदैन ।"

प्रशासकीय अधिकृत जितेन्द्रकुमार यादव दोषजति कर्मचारीलाई देखाएर संस्थालाई बन्धक नबनाउन आग्रह गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, "हामी कर्मचारीले ऐन, नियमले दिएको, परिषद्ले तोकेको काम गर्ने हो तर संस्थाका ऐन, नियम, क्षेत्राधिकार बनाउने, सुधार्ने तथा संशोधन गर्नमा हाम्रो भूमिका छैन । तत्काल निकास दिन नेपाल सरकार र सम्बद्ध उच्च अधिकारीलाई हाम्रो आग्रह छ ।"

परिषद् अध्यक्ष साह भने हालसम्म देखिएका समस्या समाधान गर्न आफूले अधिकतम् प्रयास गरिरहेको बताउनुहुन्छ । उहाँले हालसम्म समस्याका रूपमा रहेका ऐन तथा नियमावलीका व्यवस्था संशोधन गर्न अन्तिम पहल भइरहेको जानकारी दिनुभयो । "अब टालटुल गरेर समस्या समाधान हुनेवाला छैन । मेरो लडाइँ कर्मचारीसँग होइन, यहाँका समस्यासँग हो", अध्यक्ष साहले भन्नुभयो, "संस्थालाई थप परिस्कृत र बलियो बनाउनु आजको आवश्यकता हो, यस कार्यमा म लागिरहेको छु । अब चाँडै निकास निस्किनेमा आशावादी छु ।"

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव तथा प्रवक्ता हेमराज तामाङले परिषद्का समस्या समाधानका लागि पहल भइरहेको जानकारी दिनुभयो । "कार्यकारी निर्देशक नियुक्त हुन नसकेकाले निमित्त तोक्ने काम मन्त्रालय तहबाट भइरहेको छ", सहसचिव तामाङले भन्नुभयो ।

मन्त्रालयको संस्कृति शाखा प्रमुख शिवराज रेग्मीले भन्नुहुन्छ, "विवाद लामो समयसम्म राख्नुहुँदैन । परिषद् जे उद्देश्यका लागि स्थापना भएको हो सोअनुसार आफ्नो काम गर्नुपर्छ ।"

विशुद्ध रूपमा धार्मिक पर्यटनको मूल प्रवाहीकरण गर्न स्थापित परिषद्मा एकले अर्कालाई देखाएर संस्थालाई नै सङ्कटमा पार्ने काम आजपर्यन्त भइरहेको छ । यसैले त अर्थ मन्त्रालयले सङ्घीय सरकारी निकायहरूको संरचनात्मक सुधारसम्बन्धी मिति २०८० जेठ १२ को प्रतिवेदनअनुसार परिषद्लाई खारेज गर्नुपर्ने निष्कर्ष पनि निकालेको छ । आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यको बुँदा नं ४७ बमोजिम खारेजी गरिने तथा एकअर्कामा गाभिने २० वटा, पुनःसंरचना गरिने पाँचवटा निकाय र हस्तान्तरण गरिने एउटा निकायसहितको सार्वजनिक विवरणमा परिषद् पनि छ । यो जानकारी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई समेत गराइएको छ तर संसद्ले बनाएको ऐनबाट बनेको संस्थालाई मन्त्रालय मात्रै चाहेर खारेज गर्न नसकिने भन्दै हालसम्म कुनै निर्णय भएको छैन ।

कतिपयले परिषद्लाई स्थानीय तहको जिम्मा दिनुपर्ने त कसैले प्रदेशको मातहतमा ल्याउनुपर्नेलगायत सुझाव दिइरहेका छन् । प्रबुद्ध व्यक्तिहरूले भने संस्थाभित्रको समस्या तत्काल समाधान गरी यस क्षेत्रका धार्मिक मठमन्दिर, ऐतिहासिक क्षेत्र र पर्यटकीय स्थलहरूको संरक्षण गर्ने गरी थप बलियो बनाउनुपर्ने मत राखिरहनुभएको छ ।

---

## विश्व समाचार

### बंगलादेशमा विद्यार्थीको अन्तिम चेतावनीलाई प्रशासनद्वारा बेवास्ता, थप आन्दोलनको घोषणा

ढाका, १४ साउन (रासस/एएफपी) ।

बङ्गलादेशका प्रधानमन्त्री शेख हसिनाको नेतृत्वको सरकारले विद्यार्थी नेतालाई रिहा गर्ने र आन्दोलनका क्रममा शाहदत प्राप्त गरेका नागरिकका आफन्तसँग माफी माग्ने अन्तिम चेतावनीलाई बेवास्ता गरेपछि आन्दोलनरत बङ्गलादेशी विद्यार्थी समूहले सोमबारका लागि सडक प्रदर्शनको नयाँ आन्दोलनको घोषणा गरेको छ ।

एएफपीलाई प्रहरी र अस्पतालबाट प्राप्त नयाँ तथ्याङ्कअनुसार यस महिना निजामती सेवाको भर्नामा आरक्षण (कोटा) प्रणालीको विरोधमा विद्यार्थीहरूले जुलाइमा गरेको प्रदर्शनका क्रममा भएका हिंसात्मक घटनाहरूमा कैयौँ प्रहरी अधिकारीसहित कम्तीमा २०५ जनाको मृत्यु भएको थियो । यो भिडन्त हसिनाको १५ वर्षे कार्यकालको सबैभन्दा खराब घटना थियो तर सरकारले सेना परिचालन गरेर, कर्फ्यु लगाएर र देशव्यापी रूपमा इन्टरनेट बन्द गर्दै सम्भावित उथलपुथल हुनबाट रोकेको छ । सुरुमा विरोध प्रदर्शन गर्ने समूह 'स्टुडेन्ट्स अगेन्स्ट डिस्क्रिमिनेसन'का कम्तीमा आधा दर्जन नेतालाई प्रहरीले हिरासतमा लिएपछि हजारौं विद्यार्थीले उनीहरूको आन्दोलनमा सहभागिता जनाएका थिए । "सरकारले हाम्रो आन्दोलनप्रति पूर्ण असंवेदनशीलता देखाइरहेको छ," समूहका संयोजक अब्दुल कादरले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

उहाँलेले भन्नुभयो, "हामीले देशभर विरोध र्‍यालीको आह्वान गरेका छौं । हामी बङ्गलादेशका सबै नागरिकलाई हाम्रो मागप्रति ऐक्यबद्धता जनाउन र हाम्रो आन्दोलनमा सहभागी हुन अनुरोध गर्दछौं ।" विद्यार्थी अगेन्स्ट डिस्क्रिमिनेसनका नेताहरूले आइतबार साँझसम्म प्रहरीले आफ्ना नेताहरूलाई रिहा नगरे एक हप्ता लामो आन्दोलन स्थगनको कार्यक्रमलाई सोमबारदेखि नै जारी राख्ने अन्तिम चेतावनी दिएका थिए । यस समूहको मागमा हिंसाका लागि हसिनाले सार्वजनिक रूपमा माफी माग्नुपर्ने, उहाँका कैयौं मन्त्रीहरूलाई बर्खास्त गर्नुपर्ने र अशान्तिको उत्कर्षमा रहेका देशभरका विद्यालय र विश्वविद्यालयहरू पुनः खोल्नुपर्ने पनि समावेश छ ।

बङ्गलादेशको दैनिक पत्रिका प्रोथोम आलोका अनुसार अशान्ति सुरु भएयता देशभर कम्तीमा नौ हजार व्यक्तिलाई पक्राउ गरिएको छ ।सैनिकहरूले अझै पनि सहरी क्षेत्रमा गस्ती गरिरहेका छन् र राष्ट्रव्यापी कर्फ्यु जारी छ तर गत हप्ताको सुरुदेखि यसलाई क्रमिक रूपमा खुकुलो पारिएको छ । बङ्गलादेशमा जारी अशान्तिको चरमोत्कर्षमा रहेको बेला देशव्यापी रूपमा अवरुद्ध गरिएको मोबाइल इन्टरनेट सञ्जाल ११ दिनपछि आइतबार पुनः सञ्चालनमा आएको छ ।सबै सरकारी जागिरको आधाभन्दा बढी हिस्सा निश्चित समूहका लागि आरक्षित गर्ने योजना पुनः लागू गरिएको विरोधमा यसै महिना प्रदर्शन सुरु भएको थियो ।

सरकारी आँकडाअनुसार करिब एक करोड ८० लाख युवा बङ्गलादेशीहरू बेरोजगार रहेको समय आएको यस कदमले गम्भीर रोजगारी सङ्कटको सामना गरिरहेका स्नातकहरूलाई गम्भीररूपमा दुःखी बनाएको छ ।आलोचकहरूका अनुसार यो योजना सत्तारुढ अवामी लिगका वफादारहरूलाई भर्ना गर्न दुरूपयोग गरिएको छ । सर्वोच्च अदालतले गत हप्ता आरक्षित जागिरको सङ्ख्या कटौती गरेको थियो तर कोटा पूर्ण रूपमा खारेज गर्ने प्रदर्शनकारीहरूको मागलाई बेवास्ता गरेको थियो ।सन् २००९ देखि बङ्गलादेशमा शासन गर्दै आएकी ७६ वर्षीया हसिनाले 'वास्तविक विपक्षी दल'को सहभागिता नभएको गत जनवरीमा भएको चुनावमा लगातार चौथो कार्यकालका लागि अनुमोदित हुनुभएको थियो । उहाँको सरकारमाथि अधिकारवादी समूहहरूले राज्यका संस्थाहरूको दुरुपयोग गरी सत्तामा आफ्नो पकड बलियो बनाउन र विपक्षी कार्यकर्ताहरूको गैरन्यायिक हत्यालगायत असहमतिलाई निस्तेज पार्न प्रयोग गरेको आरोप लगाउँदै आएका छन् ।

### पाकिस्तानको आदिवासी द्वन्द्वमा ४२ जनाको मृत्यु

पाकिस्तान, १४ साउन (रासस/एएफपी) ।

उत्तर पश्चिमी पाकिस्तानमा आदिवासी जनजातिहरू बिचको भूमि विवादको द्वन्द्वमा कम्तिमा ४२ जनाको मृत्यु भएको अधिकारीहरूले जनाएका छन् । पाकिस्तानमा आन्तरिक द्वन्द्व चलिरहेको अवस्थामा खैबर पख्तुनख्वाको पहाडी उत्तरपश्चिमी क्षेत्रको द्वन्द्व लामो र हिंसात्मक हुन सक्ने उनीहरूले बताएका छन् । अधिकारीका अनुसार सुन्नी मुस्लिम मदागी र शिया माली खेल जनजातिहरू यस क्षेत्रमा बुधबारदेखि लडिरहेका छन् । बन्दुकधारीले कृषि भूमिको विवादमा गोली हानेको स्थानीय प्रहरी अधिकारी मुर्तजा हुसेनले जानकारी दिनुभयो । आक्रमणको जानकारी दिँदै अफगानिस्तानको सिमावर्ती जिल्ला कुर्रम छेउछाउका बासिन्दावीच लामो समयदेखि धार्मिक तनाव बढिरेको जनाउनुभएको छ ।

सरकारले कुर्रम आदिवासी जिल्लामा युद्धविराम गरेपछि पनि गोलीबारी पुनः भएको खैबर पख्तुनख्वाको प्रान्तीय आन्तरिक मन्त्रालयका एक वरिष्ठ अधिकारीले नाम नबताउने सर्तमा जानकारी गराए । स्थानीय प्रहरीका अनुसार बुधबारदेखिको द्वन्द्वमा ४२ जनाको मृत्यु हुनुका साथै १८३ जना घाइते भएका छन् । पाकिस्तानको मानव अधिकार आयोगले द्वन्द्वले सर्वसाधारणमा क्षति पुर्‍याउनुका साथै आवागमन अवरुद्ध भएको जनाएको छ । पाकिस्तानमा लामो समयदेखि सुन्नी र सिया समुदायबीच गहिरो असमानजस्यता कायम रहेको छ । कुर्रम पूर्व आदिवासी क्षेत्रको हिस्सा हो, जुन सन् २०१८ मा खैबर पख्तुनख्वा प्रान्तमा गाभिएको थियो ।

# घटनाको ९ महिना बितिसक्दा पनि आफूहरुले न्याय नपाएको गुनासो




**दैनिक समाचारदाता राजविराज, १४ साउन ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिका ६ का एक पीडित परिवारले घटनाको ९ महिना बितिसक्दा पनि आफूहरुले न्याय नपाएको भन्दै गुनासो गरेका छन् ।

सोमबार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरि पीडित परिवार मध्येका प्रीतम पासवानले आफुसहित आफ्नो परिवारका सदस्यमाथी हत्या गर्ने मनसायले निर्घात कुटपिट गर्नेमाथि ज्यान मार्ने उधोग मुद्दा दर्ता गरेको ३६ दिन पुग्दा समेत प्रहरीले घटनामा संलग्न भएकाहरुलाई नियन्त्रणमा नलिई उल्टै संरक्षण दिएको आरोप लगाएका छन् ।

घटना विवरण अनुसार पोखरीको डिलमा बस्दै आएका भुमिहिन दलित समुदायको ढलान रोड बनाउने क्रममा घर भत्काउन जाँदा विवाद उत्पन्न भएको थियो । २०८१ असार १ गते ती परिवारलाई सोही विवादमा स्थानीय हरिसुदन यादव, निरज यादवसहितका ७ जनाको समूहले घरेलु हातहतियार र लाठीले आक्रमण गरि घाइते बनाएका थिए ।

उनीहरुको आक्रमणमा परी ५५ बर्षिय पृतम पास्वान, उनकी पत्नी ५३ बर्षिय मुसनी देवी पास्वान, छोरा बर्ष ३२ को रन्जित पासवान, छोरीहरु बर्ष २५ की रितु पासवान, बर्ष १९ की राखी पासवान तथा बुहारी ३० बर्षिय सरिता देवी पासवान घाइते भएका थिए । ती सबै घाइतेको उपचारमा तीन लाख भन्दा बढी खर्च समेत भएको उनले बताए ।

घटनामा संलग्नहरु खुलेयाम हिड्दा समेत प्रहरीले उनीहरुलाई नियन्त्रणमा लिन सक्रियता नदेखाएको आरोप लगाउँदै उनले घटनामा संलग्नहरुलाई अविलम्ब पक्राउ गरी कारबाही चलाउन आग्रह समेत गरे ।

घटनामा संलग्नहरु घरमै भएको जानकारी दिन जिल्ला प्रहरी कार्यालय र ईलाका प्रहरी कार्यालय पातो पटकपटक धाउँदा समेत सुनुवाइ नभएको उनले दुखेसो पोखे ।

कुटपिटमा संलग्नलाई कानुनी कारबाही तथा औषधि उपचारमा भएको खर्च उपलब्ध गराउन साथै घरमा शान्तिपुर्वक बस्ने बाताबरण मिलाई दिन पहल गरिदिन संचारकर्मी तथा स्थानीय प्रशासन, मानवाधिकारकर्मीसहित सरोकारवालाहरुलाई सोही पत्रकार सम्मेलन मार्फत पीडितपरिवारले आग्रह समेत गरेका छन् ।

# पाँच सय किलो भन्दा बढी गाजा जलाएर नष्ट



**दैनिक समाचारदाता राजविराज, १४ साउन ।**

सप्तरी प्रहरीले जिल्लाको विभिन्न स्थानबाट बरामद तथा नियन्त्रणमा लिएको प्रतिबन्धित लागुपदार्थ गाजा आइतबार नष्ट गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी ढुण्डिराज नेउपानेले जिल्लाको विभिन्न स्थानबाट विभिन्न मितिमा बरामद गरिएको तथा नियन्त्रणमा लिएको ५ सय ८६ किलो ९ सय ६४ ग्राम गाँजा जलाएर नष्ट गरिएको जनाएका छन् ।

हनुमाननगर-राजविराज सडक खण्ड अन्तर्गत खाँडो खोलामा ती गाँजा स्थानीयवासी, जनप्रतिनिधि, संचारकर्मी एवं सरोकारवाला निकायका प्रतिनिधिको रोहबरमा जलाएर नष्ट गरिएको डीएसपी न्यौपानेले बताए ।


## राजविराजको मेन रोडमा सटर भाडामा चाहिए सम्पर्क गर्नुहोस

राजविराजको मुख्य बजार मेनरोडमा पसल, व्यवसाय, बैंक तथा वित्तिय संस्था र विमा कम्पनीका लागि कोठा भाडामा चाहिए सम्पर्क गर्नुहोस् ।

**सम्पर्क नं.**
९८४२८२१०८२, ९८१९७२५०८२

राजविराज नगरपालिका वडा नं. ४, मेनरोड





अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : तिरहुत गाउँपालिका, सप्तरी

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*